# सुदूरपश्चिम प्रदेशको भाषिक स्थिति

धर्मानन्द पन्त [1]

[1]त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं panthadharma44@gmail.com

Received: August 13, 2025 Accepted: June 6, 2026 Published: July 15, 2026

DOI: https://doi.org/10.3126/thj.v18i1.97914

**लेखसार**

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशको भाषिक स्थिति र तिनको भौगोलिक प्रभावको अध्ययन गर्नु रहेको छ। प्रस्तुत अध्ययन मिश्रित ढाँचामा आधारित रहेको छ। यस लेखमा पुस्तकालयीय प्रक्रियाका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ। भाषिक स्थितिका आधारमा सुदूरपश्चिम प्रदेश विविधतायुक्त छ। वि.सं. २०७८ को जनगणनामा यहाँ ७२ वटा भाषा रहेको देखिन्छ । यस प्रदेशमा खासगरी भारोपेली, भोट बर्मेली र द्रबिडेलीसमेत तीन वटा परिवार रहेका छन्। हिमाली क्षेत्रमा नेपाली भाषाका साथै दार्चुलेली, व्याँसी, बझाङी र बाजुरेली भाषाहरू प्रमुख रहेका छन्। पहाडी जिल्लाहरूमा बोलिने प्रमुख भाषाहरूका रूपमा नेपाली भाषाका साथै डोट्याली, बैतडेली, अछामी र डडेल्धुरी चारवटा भाषाहरू रहेका छन्। तराईका जिल्लाहरूमा नेपाली, डोटेली, थारू, राना थारू भाषा प्रमुख छन्। सुदूरपश्चिम प्रदेशमा वक्ता सङ्ख्याका हिसाबले एक लाखभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या पाँच रहेको छ। १० हजारभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या छ रहेको छ। एक हजारभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या १३ रहेको छ। एक सयभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या २२ रहेको छ भने एक सयभन्दा कम मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या २६ रहेको छ। अझै पनि सुदूरपश्चिमको समग्र भाषिक वितरणको समुचित खोज, अध्ययन हुन सकेको छैन। यस प्रदेशका भाषाको लेख्य परम्पराको थालनी गरी सरकारी स्तरबाट भाषाहरूको उचित संरक्षण, सम्वर्धन र विकासका लागि व्यवस्थित र योजनाबद्ध कार्य गर्नु वाञ्छनीय छ।

**शब्द कुञ्जी:** भाषा परिवार, भाषिक स्थिति, भौगोलिक अवस्था, भोट बर्मेली, मातृभाषिक

## विषय प्रवेश

नेपालको संघीय संरचनाअनुसार सातवटा प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश एक हो । नेपालमा वि. सं २०७२ असोज ३ गतेबाट संघीयता लागु भएको हो । यस अघि नेपालमा १४ वटा अञ्चल थिए । यस प्रदेशमा मूलतः हिमाल, पहाड र तराई तीनवटै धरातलीय स्वरूप रहेको छ । सुदूरपश्चिम प्रदेशमा नौ वटा जिल्ला, (दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली) रहेका छन् भने जम्मा ८८ स्थानीय तह रहेका छन् । अहिलेसम्म यहाँ भाषिक गणनाको अभाव रहेको छ । यसका कारण भाषिक तथ्याङ्कमा घटबढ भइरहेको देखिए पनि राष्ट्रिय गणनाको तथ्याङ्कलाई आधार मानेर भाषिक अवस्थाको चर्चा गर्नुपर्ने स्थिति छ । यस अध्ययनलाई सुदूरपश्चिम प्रदेशको भाषिक स्थितिको पहिचान गर्नुमा केन्द्रित गरिएको भौगोलिक अवस्था र त्यसको भाषामा प्रभावको विषयमा अध्ययन गरिएको छ । यस सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा बोलिने भाषाहरूको विवरण प्रस्तुत गर्नु, एक हजार वक्ताभन्दा बढी र एक हजार वक्ताभन्दा कम वक्ता सङ्ख्या भएका भाषाहरू निक्यौल गर्नु, प्रमुख भाषाहरूको सङ्क्षिप्त परिचय दिनु, रैथाने भाषाहरूको उल्लेख गर्नु र पारिवारिक दृष्टिले सदूरपश्चिमका भाषाहरूको सूची तयार गर्ने कार्यमा यो अध्ययन सीमित रहेको छ । नेपाली समाजमा धेरै भाषाको अस्तित्व पाइए तापनि सबै भाषाको प्रकृति एक समान छैन (आचार्य, २०६६, पृ.५७–६२) । नेपालका सातै वटा प्रदेशका भाषाको स्थितिलाई हेरेर हरेक प्रदेशले आफ्नो प्रदेशस्तरीय भाषानीति तथा योजनामा प्रभावकारी अभ्यासको विकास गर्न सक्छ (पौडेल र भट्टराई, २०७७, पृ.२२८) । हरेक प्रदेशका आफ्ना भाषिक सम्पदालाई संरक्षण गर्न भाषिक गतिविधिहरु गराउन सकिन्छ । न्यौपाने र अन्य (२०६७) का दृष्टिमा नेपाल बहुजातीय राष्ट्र भएकाले बहुभाषिक हुनु पनि स्वाभाविकै हो तर नेपालमा ‘एक जाति बराबर एक भाषा’ को सूत्र पूर्णतया लागु भएको देखिँदैन; किनकि जति जातीय जनसङ्ख्या छ त्यति भाषिक सङ्ख्या पाइँदैन (पृ.३१३) । आजको समाजमा भाषिक विविधता र यसको सम्भावना खोज्नका लागि सबै प्रदेशको अवस्था अध्ययन गर्नु अपरिहार्य छ । सात वटा प्रदेशमध्येको असल र सफल अभ्यासलाई अन्य प्रदेशले अपनाउने गरी जागरुकता बढ्दै जाने हो भने भाषिक विकासको प्रयोगका कोणबाट नेपालले आफ्नो छुट्टै गरिमालाई स्थापित तुल्याउन सक्छ ( पौडेल र भट्टराई, २०७७, पृ.२२८) । भाषिक अवस्थाको अध्ययनबाट कुनै पनि क्षेत्रमा बोलिने चल्तीका सबै भाषाको सहज जानकारी लिन र भाषावैज्ञानिक अध्ययन गर्न समेत मद्दत पुग्दछ । सुदूरपश्चिमका हिमालदेखि तराईसम्मका भूगोलमा के कति भाषाहरु बेलिन्छन् ? तिनको मातृभाषिक अवस्था के कस्तो

छ ? भनी चासो राख्नु अध्ययनीय विषय बन्न पुगेको छ । सुदूरपश्चिम प्रदेशको भाषिक स्थितिको अध्ययनबाट सुदूरपश्चिममा बोलिने भाषा र तिनका वक्ता सङ्ख्या, भाषा परिवारसँगको सम्बन्ध, मुख्य भाषाहरूको भौगोलिक अवस्था एवम् प्रभावका विषयमा अध्ययन गर्नु सामयिक देखिन्छ । अध्यनीय शीर्षक नवीन हुनुका साथै सामयिक पनि छ । यसभन्दा अगाडिका जनगणनाका तथ्याङ्कमा आधारित अध्ययनहरुमा वि.सं.२०७८ को जनगणनाको रिपोर्टअनुसारको विवरण सम्भव नहुनुले पनि यस अध्ययनको आवश्यकता देखिएको छ । सुदूरपश्चिम प्रदेशको भाषिक अवस्थाको सहज जानकारीका लागि समेत यस अध्ययनले मद्दत गर्ने देखिन्छ । अत : यसै विषयमा केन्द्रित रही अध्ययन गर्नु उपयुक्त देखिन्छ । प्रस्तुत अध्ययनको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशमा बोलिने मातृभाषाहरुको विवरण प्रस्तुत गरी तिनमा भौगोलिक प्रभावले पारेको भाषिक अवस्थाको वर्णन गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक ढाँचा तथा वर्णनात्मक विधिको उपयोग गरिएको छ । "गुणात्मक अनुसन्धानमा वर्णनात्मक विधि उपयोग गर्दा खोजकर्ताले निश्चित ढाँचामा रही तथ्यहरूलाई साझा धारणाका रूपमा वर्णन गर्ने गर्दछन्" (क्रेसबेल र क्रेसबेल, सन् २०२३, पृ.१५) । यस अध्ययनमा पुस्तकालयीय प्रक्रियाका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ । नेपालको राष्ट्रिय जनगणना २०७८ का जनगणनाले प्रकाशन गरेका प्रतिवेदनका भाषिक तथ्याङ्कलाई आधार सामग्रीका रूपमा लिइएको छ । यसका साथै भाषा आयोगको प्रतिवेदन, विभिन्न जर्नलहरूमा प्रकाशित भाषासँग सम्बद्ध लेख रचनाहरूलाई पनि द्वितीयक सामग्रीका रूपमा लिइएको छ । प्राप्त तथ्य एवम् तथ्याङ्कलाई वर्णन तथा व्याख्या गरिएको छ ।

## परिणाम तथा छलफल

### सुदूरपश्चिम प्रदेशको मातृभाषिक विवरण

नेपालमा संघीयता कार्यान्वयन भएसँगै  सात वटा प्रदेशको व्यवस्था भएको छ । उक्त सात प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश पनि एक हो । विगतमा सुदूरपश्चिमाञ्चलका रूपमा चिनिएको यो प्रदेश विविधतायुक्त छ । यहाँ वि. सं. २०७८ को जनगणनाअनुसार सुदूरपश्चिम प्रदेशको भाषिक विवरण प्रस्तुत गरिएको छ ।

**वि.सं. २०७८ को जनगणना अनुसार सुदूरपश्चिम प्रदेशको मातृभाषिक विवरण**

**तालिका १**. *सुदूरपश्चिममा बोलिने मातृभाषाहरू*

| क्रम सङ्ख्या | मातृभाषा | जनसङ्ख्या |
|---|---|---|
| | जम्मा मातृभाषी | २६९४७८३ |
| १ | नेपाली | ११४३५६२ |
| २ | डोटेली | ४८६८६८ |
| ३ | थारू | ३९८९१४ |
| ४ | बैतडेली | १५१५७१ |
| ५ | अछामी | १३८४७४ |
| ६ | बझाङ्गी | ९९३३४ |
| ७ | राना थारू | ७७७२७ |
| ८ | बाजुरेली | ५६३९६ |
| ९ | दार्चुलेली | ४५५६२ |
| १० | डडेल्धुरी | २१२८९ |
| ११ | मगर ढुट | १७३२६ |
| १२ | मगर खाम | ९१५६ |
| १३ | तामाङ | ७८३७ |
| १४ | हिन्दी | ७७९० |
| १५ | मैथिली | ४६३५ |
| १६ | दैलेखी | ३९७१ |
| १७ | अवधी | ३२४१ |
| १८ | जुम्ली | २६८८ |
| १९ | खस | २५८३ |
| २० | राजी | २४३७ |
| २१ | नेपाल भाषा (नेवारी) | १९१६ |
| २२ | गुरुङ | १५९० |
| २३ | भोजपुरी | १२६३ |
| २४ | ब्याँसी | १२१५ |
| २५ | भोटे | ९०३ |
| २६ | धुलेली | ७३४ |
| २७ | संस्कृत | ७२२ |
| २८ | राई | ४३० |
| २९ | मुसलमान | ४२२ |
| ३० | खाम्ची राउटे | ४१७ |
| ३१ | उर्दू | २९२ |
| ३२ | कुमाल | २६९ |
| ३३ | पहरी | १९३ |

| | | |
|---|---|---|
| ३४ | सोनहा | १८६ |
| ३५ | सांकेतिक भाषा | १३४ |
| ३६ | पन्जावी | १३० |
| ३७ | मगर काइके | १२९ |
| ३८ | बंगला | १२९ |
| ३९ | याक्थुङ/लिम्बू | १२८ |
| ४० | तिब्बती | १२५ |
| ४१ | माझी | १२३ |
| ४२ | राजवंशी | ११८ |
| ४३ | मुगाली | ११५ |
| ४४ | कुडुख | ११४ |
| ४५ | छिलिङ | १११ |
| ४६ | बोटे | ११० |
| ४७ | मारवाडी | ९३ |
| ४८ | अंग्रेजी | ९० |
| ४९ | शेर्पा | ८७ |
| ५० | ल्होपा | ७४ |
| ५१ | सुनुवार | ७४ |
| ५२ | वालिङ /वालुङ | ६८ |
| ५३ | वज्जिका | ६६ |
| ५४ | दुरा | ६१ |
| ५५ | कोचे | ५७ |
| ५६ | भुजेल | ५४ |
| ५७ | चाम्लिङ | ३८ |
| ५८ | थकाली | ३५ |
| ५९ | मेवाहाङ | ३४ |
| ६० | बेलहरे | २० |
| ६१ | थामी | १९ |
| ६२ | वान्तावा | १८ |
| ६३ | दुमी | १७ |
| ६४ | घले | १५ |
| ६५ | गन्गाई | १५ |
| ६६ | लाहोरुङ | १४ |
| ६७ | साम्पाङ | १३ |
| ६८ | दुङ्माली | १३ |
| ६९ | नाछिरिङ | १२ |
| ७० | मगही | १२ |
| ७१ | मेचे | ११ |
| ७२ | दनुवार | १० |

| | | |
|---|---|---|
| **७३** | अन्य | ३१६ |
| **७४** | नखुलेका भाषा | ४१ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८ ।*

माथि तालिका नं.१ अनुसार सुदूरपश्चिम प्रदेशमा बहत्तरभन्दा धेरै भाषाहरू मातृभाषाका रूपमा प्रयोगमा आएका छन् । २४ वटा भाषाहरू एक हजारभन्दा धेरै वक्ता सङ्ख्याले बोल्ने भाषा हुन् । यहाँ ४८ वटा भाषाका वक्तासङ्ख्या एक हजारभन्दा कम छ । नेपाली, डोटेली, थारू, बैतडेली, अछामी, बझाङ्गी, राना थारू, बाजुरेली, दार्चुलेली र डडेल्धुरी उल्लेख्य छन् भने दनुवार, मेचे, मगही, नाछिरिङ भाषाका वक्ताहरू न्यून छन् । यस प्रदेशमा नेपाली बाहेक डोटेली, बैतडेली, अछामी, बझाङ्गी, रानाथारू, बाजुरेली, दार्चुलेली डडेल्धुरी भाषाहरूमा सुदूरपश्चिमेली भाषाहरू हुन् । राना थारू जातीय भाषाको नामले चिनिन्छ भने अरु जिल्लाका नामले नामकरण गरिएका छन् । यो प्रदेश भाषिक विविधताले सुसम्पन्न देखिन्छ । सुदूरपश्चिम प्रदेशमा जम्मा वक्ता सङ्ख्या २६९४७८३ रहेको छ । जसमध्ये पुरुष १२७२७८६ र महिला १४२१९९७ रहेका छन् । नेपाली भाषाका जम्मा वक्ता सङ्ख्या ११४३५३२ मध्ये ५८११२९ पुरुष र ५६२४३३ महिला रहेका छन् । त्यस्तै डोटेली भाषाका जम्मा वक्ता ४८६८६८ रहेका हुन्, जसमा पुरुष २२३७९६ र महिला २३३०७२ रहेका छन् । थारू भाषाका जम्मा वक्ता सङ्ख्या ३९८३१४ मध्ये पुरुष १९४२८६ र महिला २०४६२८ रहेका छन् । वैतडेली भाषाका जम्मा वक्ता सङ्ख्या १५१५७१ रहेका छन् । जसमध्ये पुरुष ६०१०३ र महिला ९१४६८ रहेका छन् । अछामी भाषाका जम्मा वक्ता १३८४७४ मध्ये पुरुष ५२९६२ र महिला ८५५१२ रहेका छन् । बझाङ्गी भाषाका वक्ता सङ्ख्या ९९३३४ मध्ये पुरुष ४०३७१ र महिला ५८९६३ रहेका छन् । राना थारू भाषाका जम्मा वक्ता सङ्ख्या ७७७२७ मध्ये पुरुष ३८०६१ र महिला ३९६६६ रहेका छन् । बाजुरेली भाषाका कुल वक्ता सङ्ख्या ५६३९६ मध्ये पुरुष २१७९६ र महिला २४६०० रहेका छन् । दार्चुलेली भाषाका जम्मा वक्ता सङ्ख्या ४५५६२ मध्ये पुरुष १६८१६ र महिला २८७४६ रहेका छन् । डडेल्धुरी भाषाका जम्मा वक्ता सङ्ख्या २१२८९ मध्ये पुरुष ६८५६ र महिला १४४३३ रहेका छन् । मगर ढुट भाषाका जम्मा वक्ता सङ्ख्या १७३२६ मध्ये पुरुष ८५०७ र महिला १४४३३ रहेका छन् । मगर खाम भाषाका जम्मा वक्ता सङ्ख्या ९१५६ मध्ये ४४१५ पुरुष र ४७४१ महिला रहेका छन् ।

सुदुरपश्चिम प्रदेशमा १०० वक्ता सङ्ख्या भन्दा कम वक्ता सङ्ख्या भएका भाषाहरू क्रमश: मारवाडी जम्मा ९३ जना रहेका छन् । यसमा पुरुष ५२ र महिला ४१ जना छन् । अङ्ग्रेजी बोल्ने

जम्मा ९०जनामध्ये पुरुष ५० र महिला ४० छन् । सेर्पा जम्मा ८७, जसमा पुरुष ४२ र महिला ४५ जना त्यस्तै ल्होपा ६४ जनामध्ये पुरुष ३१ र महिला ४३ जना छन् । सुनुवार ७४ जनामा पुरुष ३९ र महिला ३५ जना छन् । वालिङ⁄बालुङ भाषामा ६८ जनामा पुरुष ३३ जना र महिला ३५ जना वक्ता रहेका छन् । बज्जिका भाषामा जम्मा ६६ जना वक्तामध्ये पुरुष ३० र महिला ३६ जना रहेका छन् । दुरा भाषामा जम्मा ६१ जना वक्ता रहेका छन्, जसमध्ये पुरुष ३० र महिला ३१ जना रहेका छन् । कोचे भाषाका जम्मा वक्ता सङ्ख्या ५७ रहेका छन्, जसमध्ये पुरुष २० र महिला ३७ जना रहेका छन् । त्यस्तै चाम्लिङ् भाषाका जम्मा वक्ता संख्या ३८ रहेका छन्, जसमा १८ पुरुष र २० महिला वक्ता रहेका छन् ।. यस प्रदेशमा थकाली भाषामा पुरुष १३ र महिला २२ जना गरी जम्मा ३५ जना वक्ता रहेका छन् । मेवाहाङ भाषाका जम्मा वक्ता सङ्ख्या ३४ रहेका छन् । यसमा ८ पुरुष र २६ महिला वक्ता रहेको पाइन्छ । बेलहरे भाषाका जम्मा वक्ता स्ङ्ख्या २० रहेका छन् । यसमा पुरुष ९ र महिला ११ जना रहेका छन् । थामी भाषाका कुल वक्ता संख्या १९ जना रहेकामा पुरुष १० र महिला ९ जना रहेको पाइन्छ । त्यसैगरी बान्तावा भाषाका कुल १८ वक्ता मध्ये १० पुरुष र ८ महिला रहेका छन् । दुमी भाषाका जम्मा १७ जना वक्ता मध्ये ७ पुरुष र १० महिला रहेका छन् । यस्तै घले भाषाका जम्मा १५ जना वक्ता मध्ये ६ पुरुष र ९ महिला रहेका छन् । गन्गाई भाषामा जम्मा १५ जना मातृभाषी वक्ता यस प्रदेशमा रहेको पाइन्छ, जसमा ५ पुरुष र १० महिला छन् । यसै गरी लोहोरुङ भाषामा १४ जना वक्तामध्ये पुरुष ६ र ८ महिला रहेका छन् । सुदूरपश्चिम प्रदेशमा साम्पाङ भाषामा जम्मा १३ जना रहेका छन्, जसमा पुरुष ८ र महिला ५ रहेका छन् । यस प्रदेशमा दुङ्माली भाषाका वक्तामा ६ पुरुष र ७ महिला गरी जम्मा १३ जना वक्ता रहेका छन् । नाछिरिङ भाषाका १२ जना वक्ता मध्ये ६ जना पुरुष र ६ महिला रहेका छन् । मगही भाषाका जम्मा १२ जना वक्ता मध्ये ८ पुरुष र ४ महिला रहेका छन् । मेचे भाषाका ११ जना वक्ता रहेका छन्, जसमा पुरुष ६ र महिला ५ जना वक्ता रहेको पाइन्छ । त्यसैगरी दनुवार भाषामा जम्मा १० जना वक्ता रहेका छन् । जसमा पुरुष ८ र महिला २ जना वक्ता रहेका छन् । अन्य भाषामा जम्मा ३१६ वक्ता रहेका छन्, जसमा पुरुष १५५ र महिला १६१ जना रहेका छन् । स्रोत नखुलेका भाषामा जम्मा ४५ जना वक्ता रहेका छन् । यस अन्तर्गत १९ जना पुरुष र २२ जना महिला रहेका छन् । यसरी सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम वक्तासङ्ख्या भएको भाषा दनुवार रहेको छ भने सबैभन्दा बढी नेपाली भाषी वक्ता रहेका छन् । भाषिक सङ्ख्या र यसको वितरणका आधारमा यो प्रदेश भाषिक विविधतायुक्त रहेको पाइन्छ ।

**वक्ता सङ्ख्याका आधारमा सुदूरपश्चिमका भाषा**

***(क) १ लाखभन्दा बढी वक्ता भएका भाषा :***सुदूरपश्चिम प्रदेशमा एक लाखभन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरू नेपाली, डोटेली, थारू, बैतडेली अछामी रहेका छन् ।

**तालिका २.** *1 लाखभन्दा बढी वक्ता भएका भाषा*

| | |
|---|---|
| **नेपाली** | **११४३५६२** |
| **डोटेली** | ४८६८६८ |
| **थारू** | ३९८९१४ |
| **बैतडेली** | १५१५७१ |
| **अछामी** | १३८४७४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८ ।*

यस प्रदेशमा रहेका नेपाली, डोटेली, थारू, बैतडेली अछामी भाषाहरूको प्रभाव उल्लेख्य रहेको छ । घर, परिवार, समाज, साथीभाइमाझ यस भाषाका मातृभाषीहरूको सम्पर्क तथा भाषिक विनिमय प्रभावकारी रहेको पाइन्छ । यस भाषाका वक्ताहरूको आफ्नो भाषाप्रतिको लगाव पनि अरु भाषाहरूको भन्दा धेरै नै पाइन्छ ।

***ख) १० हजार भन्दा बढी वक्ता भएका भाषा :*** सुदूरपश्चिम प्रदेशमा दश हजारदेखि ९९९९९ सम्म वक्ता सङ्ख्या भएका भाषाहरू जम्मा ६ वटा रहेका छन । यस अन्तर्गत बझाङ्गी, राना थारू, वाजुरेली, दार्चुलेली, डडेलधुरी र मगर ढुट रहेका छन् ।

**तालिका ३.** *१० हजार भन्दा बढी वक्ता भएका भाषा*

| | |
|---|---|
| **बझाङ्गी** | **९९३३४** |
| **राना थारू** | ७७७२७ |
| **बाजुरेली** | ५६३९६ |
| **दार्चुलेली** | ४५५६२ |
| **डडेल्धुरी** | २१२८९ |
| **मगर ढुट** | १७३२६ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८ ।*

सुदूरपश्चिम प्रदेशमा बोलिने यी भाषाहरू पनि विकसित भाषा हुन् । घर, विद्यालय र समाज सबैतिर यी भाषाहरू प्रयोगमा रहेका छन् । यी भाषाका वक्ताहरूको आफ्नो भाषाप्रतिको अभिवृत्ति पनि सकारात्मक पाइन्छ ।

***ग) १ हजारभन्दा बढी वक्तासङ्ख्या भएका भाषाहरू :*** यस प्रदेशमा १ हजारदेखि ९९९९ सम्म वक्ता सङ्ख्या भएका भाषाहरूको जम्मा सङ्ख्या १३ रहेको छ । मगर खाम, तामाङ, हिन्दी, मैथिली, दैलेखी, अवधी जुम्ली, खस, राजी, नेपाल भाषा, गुरुङ, भोजपुरी व्याँसी भाषाहरु १ हजारभन्दा बढी वक्ता सङ्ख्या भएका भाषाअन्तर्गत रहेका छन् ।

**तालिका ४.** *1 हजारभन्दा बढी वक्ता भएका भाषा*

| | |
|---|---|
| **मगर खाम** | **९१५६** |
| **तामाङ** | ७८३७ |
| **हिन्दी** | ७७९० |
| **मैथिली** | ४६३५ |
| **दैलेखी** | ३९७१ |
| **अवधी** | २६८८ |
| **जुम्ली** | २६८८ |
| **खस** | २५८३ |
| **राजी** | २४३ |
| **नेपाल भाषा (नेवारी)** | १९१६ |
| **गुरुङ** | १५९० |
| **भोजपुरी** | १२६३ |
| **व्याँसी** | १२१५ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८ ।*

माथि तालिका नं. चारमा उल्लेख गरिएका भाषाहरू यस प्रदेशमा कमजोर अवस्थामा रहेका छन् । वक्ताहरूको भाषाप्रति सकारात्मक धारणा भए पनि घर, परिवार र समाजमा मात्रै सीमित देखिन्छ ।

***घ) सयभन्दा बढी वक्ता भएका भाषा :*** एक सयदेखि नौ सय उनान्सयसम्म वक्ता भएका भाषा निम्नानुसार रहेका छन् : भोटे, घुलेली, संस्कृत, राई, मुसलमान, खाम्ची (राउटे), उर्दू, कुमाल, पहरी, सोनहा, साङ्केतिक भाषा, पन्जाबी मगर काइके, वङ्ग्ला, याक्थुङ⁄ लिम्बू, तिब्बतीयन, माझी राजवंशी, मुगाली, कराउँ⁄ कुडुख, चोम्लिङ, बोटे । यस प्रदेशमा बोलिने यी मातृभाषाका वक्ता न्यून रहेकाले यी भाषाहरू प्रायः घर परिवारमा मात्रै प्रयोगमा रहेका छन् । जातीय उपस्थिति कमजोर हुनुका साथै भाषा बोल्नेहरू पनि कमै छन् । लोपोन्मुख अवस्थामा रहेका जातीय भाषा र अल्पसङ्ख्यक वक्ताका कारण यी भाषाहरू सङ्कटमा छन् ।

***ङ) १ सयभन्दा कम वक्ता भएका भाषा :*** एक सयभन्दा कम वक्ता सङ्ख्या भएका भाषा सुदूरपश्चिम प्रदेशमा २६ वटा रहेका छन् । ती भाषाहरू यसप्रकार छन् : मारवाडी, अङ्ग्रेजी, सेर्पा, ल्होपा, सुनुवार, वालिङ⁄वालुङ, बज्जिका, दुरा, कोचे, भुजेल, चाम्लिङ, थकाली, मेवाहाङ, बेलहारे, धामी, बान्तावा, दुमी, घले, गन्गाई, लोहोरुङ. साम्पाङ, दुङ्माली, नाघिरिङ, मगही, मेचे र दनुवार । यी भाषाहरू अति नै स»्कटमा छन् । भाषिक वक्ता र जातीय उपस्थिति कमजोर रहेको पाइन्छ । यी भाषाहरू संरक्षण गर्न नसकेमा छिटै नै लोप हुन सक्छन् ।

***च) अन्य र स्रोत नखुलेका भाषा वक्ता :*** वि.सं. २०७८ को जनगणनाको अभिलेखअनुसार सुदुरपश्चिम प्रदेशमा अन्य र स्रोत नखुलेका भाषा क्रमश ३१६ र ४१ गरी जम्मा ३५७ जना रहेको पाइन्छ । यी वक्ताहरूको पनि भाषाको पहिचान गर्नु जरुरी छ ।

## सुदूरपश्चिम प्रदेशका भाषामा भौगोलिक प्रभाव

यस प्रदेशका दुई वटा जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, चारवटा जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र तीनवटा जिल्ला (दार्चुला, बझाङ र बाजुरा) हिमाली क्षेत्रमा पर्दछन् । दार्चुला जिल्लामा नेपाली भाषा पहिलो स्थानमा छ भने दार्चुलेली दोस्रो स्थानमा रहेको देखिन्छ । यसरी दार्चुला जिल्लामा नेपाली, दार्चुलेली, डोटेली, ब्याँसी, बैतडेली मुख्य प्रयोग हुने भाषाका रूपमा रहेका छन् । ब्याँसी भाषाको उद्गम स्थल पनि दार्चुला मानिन्छ । सौका तथा ब्याँसी जातिले बोल्ने यो भाषा मूलतः चिनियाँ तिब्बती परिवारको भाषा मानिन्छ । अर्को प्रमुख स्थानीय भाषा दार्चुलेली हो । दार्चुलेली भाषा दार्चुला जिल्लाका विभिन्न स्थानहरू र दार्चुला बाहेक वैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ जिल्लामा पनि बोलिन्छ । बाजुरेली भाषा बाजुरा जिल्लामा बोलिन्छ । यस्तै बझाङ जिल्लामा बझाङी

भाषा मुख्य रूपमा बोलिन्छ । हिमाली क्षेत्रमा नेपाली भाषाका साथै दार्चुलेली, व्याँसी, बझाङी र बाजुरेली भाषाहरू प्रमुख रहेका छन् । सुदूरपश्चिम प्रदेशका चार वटा जिल्ला (डोटी, डडेल्धुरा, अछाम र बैतडी) मा पनि भाषिक विविधता रहेको पाइन्छ । भौगोलिक विकटताका कारण यहाँका विभिन्न स्थानहरूका भाषामा विविधता पाइन्छ । पहाडी जिल्लाहरूमा बोलिने प्रमुख भाषाहरूका रूपमा डोट्याली, बैतडेली, अछामी र डडेल्धुरी चार वटा भाषाहरू रहेका छन् । यसबाहेक राउटे (खाम्ची) भाषा डडेल्धुराको परशुराम नगरपालिकाको जोगबुडा र आसपासका जङ्गलमा बसोबास गर्ने राउटेहरूको भाषाका रूपमा रहेको छ । यसका साथै मगर ढुट, मगर खाम भाषा पनि सुदूरपश्चिमका पहाडी क्षेत्रमा बोलिन्छ । सुदूरपश्चिम प्रदेशका दुई वटा जिल्ला (कञ्चनपुर र कैलाली) तराई क्षेत्रमा पर्दछन् । यहाँ मिश्रित बसोवास रहेको छ । जसका कारण हिमाली र पहाडी जिल्लाबाट बसाइँसराइ गरी बसोवास गर्ने मानिसहरूले दार्चुलेली, वैतडेली, डोट्याली, डडेल्धुराली, अछामी वा बाजुरेली भाषाका साथै नेपाली भाषाको प्रयोग गर्दछन् भने तराईका रैथाने जाति थारू जातिका मानिसहरूले खास गरी थारू भाषा र राना थारु भाषा प्रयोग गर्दछन् । यस प्रदेशमा भौगोलिक विविधतासँगै भाषिक विविधता पनि रहेको छ । विकट हिमाली क्षेत्र, यातायातको सुविधाको अभाव, सम्पर्कको कमी, ठुला-ठुला नदीहरू र टाढाटाढा गाउँ बस्ती रहनु तथा भीरपाखा र पहराका कारणले पनि यहाँका भाषाहरूका बिच बोधगम्यतामा न्यूनता रहेको पाइन्छ ।

**सुदूरपश्चिम प्रदेशका भाषाको पारिवारिक स्थिति**

***भारोपेली परिवारका भाषाहरू :*** सुदूरपश्चिममा नेपाली, डोटेली, थारू, वैतडेली, अछामी, बझाङ्गी, राना थारू, बाजुरेली, दार्चुलेली, डडेल्धुरी, हिन्दी, मैथिली, दैलेखी, अवधी, जुम्ली, खासः, भोजपुरी, संस्कृत, मुसलमान, उर्दू, कुमाल, पन्जावी, बंगला, बोटे, मारवाडी, अङ्ग्रेजी, वज्जिका, मगही, राजवंशी, सोनाहा, दनुवार, माझी, गन्गाई गरी ३३ वटा भाषा भारोपेली परिवारका रहेका छन् ।

***चिनियाँ तिब्बती परिवारका भाषाहरू :*** यस प्रदेशमा मगर ढुट, मगर खाम, तामाङ राजी, नेपाल भाषा (नेवारी), गुरुङ, ब्याँसी, भोटे धुलेली, राई, खाम्ची/राउटे, पहरी, मगर काईके, याक्जुङ/लिम्बू, मुगाली, छिलिङ, शेर्पा, ल्होपा, सुनुवार, वालिङ/वालुङ, दुरा, कोच मेचे, भुजेल, चाम्लिङ थकाली, मेवाहाङ, बेलहरे, थामी, वान्तावा दुभी, घले, लोहोरुङ, साम्पाङ, ढुङ्माली, नाछिरिङ, मेचे गरी ३७ वटा भाषा चिनियाँ तिब्बती परिवारका रहेको पाइन्छ ।

***द्रविडेली परिवारको भाषा :*** यस परिवारको उराउँ/कुडुख भाषा रहेको छ ।

***साङ्केतिक भाषा :*** यस प्रदेशमा एउटा भाषा साङ्केतिक भाषा पनि रहेको छ ।

यहाँ सबैभन्दा धेरै भाषा सङ्ख्या चिनियाँ तिब्बती परिवारका भाषाको रहेको पाइन्छ भने वक्ता सङ्ख्याका हिसाबले भारोपेली परिवारका वक्ता सङ्ख्या अधिक रहेको पाइन्छ । द्रविडेली परिवारको एक मात्र भाषा उराउँ (कुडुख) रहेको देखिन्छ भने साङ्केतिक भाषाको पनि प्रयोग गरिएको पाइन्छ । साङ्केतिक भाषालाई छुट्टै राखिएको छ । भाषा परिवारगत विविधता पनि यस प्रदेशमा रहेको पाइन्छ ।

**सुदूरपश्चिम प्रदेशका मुख्य दश भाषा**

***नेपाली भाषा*** यो भाषा भारोपेली परिवारमा पर्दछ । सुदूरपश्चिम प्रदेशमा नेपाली भाषा सबैभन्दा धेरै वक्ताले प्रयोग गरेको तथ्य रहेको छ । यस भाषाका कुल वक्ता सङ्ख्या ११४३५६२ रहेका छन्; जसमध्ये ५८११२९ पुरुष र ५६२४३३ महिला रहेको पाइन्छ । यहाँ यस भाषाको प्रभावशाली विकास भएको छ ।

***डोटेली भाषा :*** डोटेली भाषालाई भारोपेली परिवारको भाषाका रुपमा चिनिन्छ । सुदूरपश्चिमका डोटी, डडेल्धुरा, कञ्चनपुर, कैलाली, बैतडी जिल्लामा बोलिने यस भाषाका वक्ता सङ्ख्या ४८६८६८ रहेका छन् । यसमा पुरुष २२३७९६ र महिला २३३०७२ रहेका छन् । यो पनि सुदूरपश्चिमको एक महत्त्वपूर्ण र विकासशील भाषा हो ।

***थारू भाषा :*** यो भाषा भारोपेली भाषा परिवारको भाषा मानिन्छ । सुदूरपश्चिममा थारू भाषाका वक्ता ३९८९१४ रहेका छन् । यस भाषाप्रति मातृभाषी वक्ताहरूको सकारात्मक अभिवृत्ति रहेको पाइन्छ ।

***वैतडेली भाषा :*** वैतडेलीलाई नेपाली भाषाझैँ भारोपेली परिवारको मानिन्छ । यसको उत्पत्ति र विकास थलो बैतडी हो । यसका जम्मा वक्ता सङ्ख्या १५१५७१ रहेका छन् । तीमध्ये पुरुष ६०१०३ र महिला ९१४६८ रहेका छन् । यो भाषा सुदूरका विभिन्न जिल्लामा बोलिने तथ्य पाइएको छ ।

***अछामी भाषा :*** अछामी भाषालाई भारोपेली परिवारको भाषा मानिन्छ । अछाम जिल्ला यस भाषाको उद्‌गम क्षेत्र हो । सुदूरपश्चिम प्रदेशमा वि.स. २०७८ को जनगणनाअनुसार १३८४७४ वक्ता

रहेको तथ्याङ्क पाइन्छ। अछामी भाषाका जम्मा वक्ता १३८४७४ मध्ये पुरुष ५२९६२ र महिला ८५५१२ रहेका छन्।

***बझाङ्गी भाषा :*** बझाङ जिल्लामा बभाङ्गी भाषा बोलिन्छ। कञ्चनपुर, कैलाली आदि जिल्लामा पनि यो भाषा बोलिन्छ। यो भारोपेली परिवारको भाषाका रुपमा परिचित छ। यस प्रदेशमा बभाङ्गी भाषाका कूल वक्ता सङ्ख्या ९९३३४ रहेका छन्। जसमध्ये पुरुष ४०३७१ र महिला ५८९६३ रहेका छन् ।

***राना थारू भाषा :*** राना थारू भाषा वि.सं. २०७८ को जनगणनाबाट बेग्लै भाषाको परिचयसहित जनगणनामा समावेश देखिन्छ। तराईका राना थारू जातिले यसको प्रयोग गर्दछन्। यो जाति भाषा हो। यो भाषा भारोपेली परिवारको भाषाका रुपमा चिनिएको छ। यस प्रदेशमा यस भाषाका वक्ताको सङ्ख्या ७७७२७ रहेको तथ्याङ्क बि.सं. २०७८ को जनगणना प्रतिवेदनले बताउँछ। जसमा पुरुष ३८०६१ र महिला ३९६६६ रहेका छन्।

***बाजुरेली भाषा:*** बाजुरा जिल्लामा बोलिने भाषा बाजुरेली भाषा हो। यो भारोपेली भाषापरिवारको भाषा हो। यस भाषाका वक्ता सङ्ख्या ५६३९६ रहेको तथ्याङ्क वि.सं. २०७८ को जनगणनाले उल्लेख गरेको छ। बाजुरेली भाषाका कुल वक्ता सङ्ख्या ५६३९६ मध्ये पुरुष २१७९६ र महिला २४६०० रहेका छन्। यस भााषाप्रति मातृभाषी वक्ताको सकारात्मक भाषिक अभिवृत्ति रहेको पाइन्छ।

***दार्चुलेली भाषा:*** यो भाषा दार्चुला जिल्लामा बोलिन्छ। यस भाषालाई भारोपेली परिवारको भाषा मानिएको छ। यस भाषाका वक्ता सङ्ख्या सुदरपश्चिम प्रदेशमा ४५५६२ रहेका छन्। दार्चुलेली भाषाका वक्तमध्ये पुरुष १६८१६ र महिला २८७४६ रहेका छन्।

***डडेल्धुरी भाषा :*** डडेल्धुरा जिल्लामा बोलिने भाषा डडेल्धुरी भाषा हो। यो भारोपेली परिवारको भाषा हो। डोटी, डडेल्धुरा, कैलाली, कञ्चनपुर जिल्लामा डडेल्धुरीको प्रयोग गरिन्छ। वि.सं. २०७८ को जनगणनाअनुसार सुदूरपश्चिम प्रदेशमा डडेल्धुरी भाषाका वक्ता सङ्ख्या २१२८९ रहेको पाइन्छ। तीमध्ये पुरुष ६८५६ र महिला १४४३३ रहेका छन्। स्थानीय स्तरमा यो सकारात्मक अभिवृत्ति भएको भाषा मानिएको छ।

## प्राप्ति

भाषिक दृष्टिले सुदूरपश्चिम प्रदेश विविधतायुक्त रहेको छ । यस प्रदेशमा ७२ वटा भाषाहरू मातृभाषाका रूपमा प्रयोगमा आएका छन् । यस प्रदेशमा भारोपेली, भोट बर्मेली र द्रबिडेली तीन वटा परिवार रहेका छन् । वक्ता सङ्ख्याका हिसाबले भारोपेली परिवारका मातृभाषीको सङ्ख्या अधिक रहेको पाइन्छ । भाषा सङ्ख्याका आधारमा भोट बर्मेली परिवारका भाषा अधिक छन् । भारोपेलीपछि भोट बर्मेलीका वक्ता रहेका छन् । द्रविडेली परिवारका वक्ता न्यून रहेको पाइन्छ । यस प्रदेशमा साङ्केतिक भाषाका वक्ता पनि रहेका छन् । यस प्रदेशका मुख्य भाषाहरूमा नेपाली, डोटेली, थारू, बैतडेली, अछामी, बझाङ्गी, राना थारू, वाजुरेली, दार्चुलेली, डडेलधुरी रहेका छन् । हिमाली क्षेत्रमा नेपाली भाषाका साथै दार्चुलेली, व्याँसी, बझाडी र बाजुरेली भाषाहरू प्रमुख रहेका छन् । पहाडी जिल्लाहरूमा बोलिने प्रमुख भाषाहरूका रूपमा नेपाली भाषाका साथै डोट्याली, बैतडेली, अछामी र डडेल्धुरी चार वटा भाषाहरू रहेका छन् । यसबाहेक राउटे (खाम्ची) भाषा डडेल्धुराको परशुराम नगरपालिकाको जोगबुडा र आसपासका जङ्गलमा बसोबास गर्ने राउटेहरूको भाषाका रूपमा रहेको छ । यसका साथै मगर ढुट, मगर खाम भाषा पनि सुदूरपश्चिमका पहाडी क्षेत्रमा बोलिन्छ । सुदूरपश्चिम प्रदेशका २ वटा जिल्ला (कञ्चनपुर र कैलाली) तराई क्षेत्रमा पर्दछन् । यहाँ मिश्रित बसोवासका कारण हिमाली र पहाडी जिल्लाबाट बसाइँसराइ गरी बसोवास गर्ने मानिसहरूले दार्चुलेली, वैतडेली, डोट्याली, डडेल्धुराली, अछामी वा बाजुरेली भाषाका साथै नेपाली भाषाको प्रयोग गर्दछन् भने तराईका रैथाने जाति थारू जातिका मानिसहरूले खास गरी थारू भाषा र राना थारु भाषा प्रयोग गर्ने गरेको पाइन्छ । वक्ता सङ्ख्याका हिसाबले १ लाखभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या पाँच वटा रहेको छ । १० हजारभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या छ वटा रहेको छ । १ हजारभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या १३ वटा रहेको छ । १ सयभन्दा बढी मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या २२ वटा रहेको छ भने १ सयभन्दा कम मातृभाषी वक्ता भएका भाषाहरूको सङ्ख्या २६ वटा रहेको छ । अझै पनि सुदूरपश्चिमको समग्र भाषिक वितरणको समुचित खोज, अध्ययन हुन सकेको छैन ।

## निष्कर्ष

सुदूरपश्चिम प्रदेशमा भाषिक विविधताको अनुपम संयोजन रहेको छ । हिमाल, पहाड र तराई तीन वटै भौगोलिक क्षेत्रहरूमा ७२ भन्दा धेरै मातृभाषाहरू जीवन्त छन् । भौगोलिक विविधताका कारणले यस क्षेत्रमा भाषिक विविधता जन्मिएको देखिन्छ । सुदूरपश्चिममा विभिन्न जातजातिको बसोबासले सामाजिक विविधता सिर्जना गरेको पाइन्छ, जसले भाषामा भौगोलिक र सामाजिक प्रभावसमेत पारेको छ । मातृभाषिक विविधताका कारण कुन भाषालाई प्रमुख भाषाका रूपमा स्वीकार गर्ने भन्ने चुनौती देखिन्छ । भाषिक समानताका आधारमा संवैधानिक रूपमा सबै भाषाहरूले राष्ट्र भाषाको स्थान पाएका छन् । नेपाली, डोटेली, थारू, बैतडेली, अछामी, बझाङ्गी, राना थारू, वाजुरेली, दार्चुलेली, डडेलधुरी १० प्रमुख भाषाहरू यस प्रदेशका विभिन्न जिल्लाहरूमा मातृभाषाका रुपमा बोलिन्छन् । भाषिक परिवारका दृष्टिले यस प्रदेशमा भारोपेली, भोट बर्मेली र द्रबिडेली परिवार रहेका छन् । आग्नेली परिवारको भाषा यस प्रदेशमा प्रयोग भएको पाइँदैन । यस प्रदेशका धेरै भाषाहरूमा लेख्य परम्पराको विकास हुन सकेको छैन । लेख्य परम्परा भएका भाषाहरूको उपयुक्त मानकीकरण र आधुनिकीकरणको प्रयास अझै भइसकेको पाइँदैन । सुदूरपश्चिम प्रदेशमा बोलिने अधिकांश स्थानीय भाषाहरूप्रति मातृभाषी वक्ताहरूको सकारात्मक अभिवृत्ति पाइन्छ । यहाँका भाषाको लेख्य परम्पराको विकास गरी राज्यका तर्फबाट भाषाहरूको संरक्षण, सम्वर्धन र विकासका लागि योजनाबद्ध रूपमा कार्य गर्नु आवश्यक देखिन्छ । यस सन्दर्भमा प्रदेशका भाषाहरूको पहिचान, अभिलेखीकरण र संरक्षणमा उपयुक्त भाषानीति र भाषायोजना लागु गर्न सकेमा यहाँका भाषामा निहित ज्ञान, सिप र कौशलको उपयोग गरी लाभ लिन सकिन्छ । अतः सुदूरपश्चिम प्रदेशका भाषाहरूको अध्ययन अनुसन्धान हुन आवश्यक छ।

## सन्दर्भ सूची

आचार्य, व्रतराज (२०६६), नेपालका भाषाहरूको पारिवारिक वर्गीकरण, *सम्प्रेषण* ६ (६), पृ . ५७-६२ ।

एथ्नोलग (सन् २००९) भाषाविज्ञान केन्द्रीय विभाग, त्रि.वि.।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८) *राष्ट्रिय जनगणनाको प्रतिवेदन,* काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८) *राष्ट्रिय जनगणनाको प्रतिवेदन* , काठमाडौं ।

खनाल, पेशल (२०७२) *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

न्यौपाने, टङ्कप्रसाद; भण्डारी, पारसमणि; न्यौपाने, दीपक र घिमिरे, तुल्सीराम (२०६७), *सामान्य भाषाविज्ञान,* सनलाइट पब्लिकेसन ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७) *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

भट्टराई, रामप्रसाद (२०७५) *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग(तेस्रो सस्कं.),* शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि, (२०७७) *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

क्रेसबेल / Creswell, J.W. , Creswell J. D. (2023). *Research Design Qualitative, Quantitative and Mixed Methods Approaches (6th edition.)*. SAGE college Publishing.